११. विकास, निर्माण, सुरक्षा, शासकीय सुधार लगायतका विविध पक्षमा अध्ययन अनुसन्धान गरी सरकारलाई नियमित सुझाव दिनका लागि विज्ञहरु सम्मिलित *सल्लाहकार समिति*को व्यवस्था गरिनेछ।

१२. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ *नीति* र *कानून निर्माण* गरिनेछ।

## आर्थिक विकास सम्बन्धी नीति

### कृषि

१३. कृषि उत्पादकत्व वृद्धि गरी *दश वर्षमा कृषिको उत्पादन दोब्बर* बनाउन कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालन गर्न गरिनेछ।

१४. कृषकलाई कृषि पेशा प्रति आकर्षित गर्न कृषक पेन्सन योजना लाई यसै बर्ष देखी लागू गरिनेछ।

१५. निर्वाहमुखी कृषि पद्दतिलाई दश वर्षभित्रमा पूर्ण रुपमा व्यवसायिक कृषितर्फ रुपान्तरण गर्न *माटो परीक्षण, जलवायु अनुकूल कृषि बाली*को छनौटलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

१६. बुढिगंगा नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्न *करार, सहकारी र सामुहिक खेती*लाई विशेष सहुलियत प्रदान गरी प्रोत्साहन गरिनेछ।

१७. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरुको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ। *अर्गानिक खेती प्रणाली*लाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गरिनेछ।

१८. कृषि उत्पादनलाई चाहिने मल, बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु *कृषि तथा पशु सेवा केन्द्र* मार्फत उपलब्ध गराइनेछ। कृषकहरुलाई *माटो स्वास्थ्य प्रमाणपत्र* वितरण, *कृषि बीमा बिस्तार*, *कृषि ज्ञान केन्द्रको* स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

१९. कृषिजन्य उपजको भण्डारणका लागि *शीत भण्डारण*को व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।
कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री बितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ।

२०. आधुनिक प्रविधिको प्रयोग गरी साना तथा मझौला सिंचाई आयोजनाहरुको निर्माण तथा कार्यान्वयनबाट कृषियोग्य जमिनमा *सिंचाई सुविधा विस्तार* गरिनेछ।

२१. उन्नत जातको अलैंची खेतीको लागि कृषि साझेदारीहरुसँग समन्वय गरी *अन्तर्राष्ट्रिय बजार*सम्म पहुँच वृद्धि गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२२. खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई व्यवस्थित गर्न बजार अनुगमन तथा व्यवस्थापन समिति गठन गरी *खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan)* कार्यान्वयन गरिनेछ।

२३. कृषि उत्पादनलाई व्यवस्थित र सुरक्षित बनाउन आधारभूत कृषिजन्य बालीहरुमा रोगहरुको पहिचान र सचेतना अभिवृद्धि गर्न आवधिक रुपमा *कृषिजन्य तालिम* सञ्चालन गरिनेछ।

२४. बुढिगंगा नगरपालिकामा कृषि पेशामा आवद्ध कृषकहरुको आयआर्जन वृद्धि तथा मौसमी बेरोजगारीलाई न्यूनीकरण गर्न *कृषि सहकारी* सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

२५. बुढिगंगा नगरपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुऱ्याए बापत वार्षिक रुपमा *सर्वोत्कृष्ट कृषि व्यवसायी* घोषणा गर्ने परिपाटीको सुरुवात गरिनेछ।

२६. सरोकारवालाहरुको पहलमा तयार भएको १० वर्षे कृषि विकास रणनीतिमा आधारित भएर बुढिगंगा नगरपालिका स्तरमा समेत कार्यक्रम संचालन एवं अनुगमन प्रणालीको व्यवस्थापनमा जोड दिइनेछ।

२७. खाद्य असुरक्षालाई न्यूनीकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२८. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ।

२९. दश वर्षे कृषि विकास रणनीतिले तय गरे अनुसार नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्न तरकारी, च्याउ, स्याउ, नास्पाती, आरु, आलु र अन्य सम्भावित बालीलाई व्यवसायीकरण गर्न जोड दिइनेछ।

३०. सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ।

३१. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (seed bank) स्थापना गर्न आवश्यक नीति तय गरिनेछ।

३२. फलफूल र आलु तथा अन्य तरकारी भण्डारणका लागि सेलर स्टोर तथा रष्टिक स्टोरको निर्माणका लागि यस बुढिगंगा नगरपालिका कार्यरत संघ संस्थासँग समन्वय गरिनेछ।

३३. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (co-operative marketing system) लाई प्रोत्साहन गरिनेछ।

३४. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ।

३५. जडिबुटि नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाई बढावा दिइनेछ।

३६. अर्गानिक खेती जस्तै तरकारी, च्याउ, व्यवसायलाई फलफुल खेतीमा बेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष सहयोग प्रदान गरिनेछ।